लोकतन्त्र मानवअधिकारः स्वतन्त्र र निष्पक्ष समाचार

# लोकप्रिय समाचार

Lokpriya Samachar National Daily

सिन्धुपाल्चोक जिल्लाको पहिलो र एकमात्र राष्ट्रिय दैनिक पत्रिका

वर्ष ८ अंक २४१ पुर्णाङ्क: ३५०७ २०७७ चैत ०२ गते सोमवार नेपाल सम्वत् ११४१ Mar, 15 2021 पृष्ठ संख्या: ४ मुल्य रू. २।-

तपाईंकै शहर
बाह्रविसेबाट प्रशारण भइरहेको
Radio 106.6 MHz Lokpriya Netrajyoti
रेडियो लोकप्रिय नेत्रज्योति १०६.६ मेघाहर्ज
सुनौं र प्रतिक्रिया दिऔं ।
सम्पर्क: ९८५११०४५४०

## लहान बम बिस्फोटमा आठ जना घाइते



रासस,

सिरहाको लहानस्थित मालपोत कार्यालयमा आज अपराह्न बम विस्फोट हुँदा एक कर्मचारीसहित आठ जना घाइते भएका छन् । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर छ ।

कार्यालय सञ्चालन भइरहेकै बेला भवनको पहिलो तल्लामा अचानक अपराह्न १ बजेतिर बम बिस्फोट मएको थियो । विस्फोट हुँदा बमको छर्रा लागेर मालपोत कार्यालय लहानमा कार्यरत कर्मचारी ३८ वर्षीय शिवकुमार यादव र लेखापढी व्यववसायी ७८ वर्षीय भोला पाचेमगर घाइते हुनुभएको छ ।

बमकै छर्रा लागेर सेवाग्राही सिरहा, धनगढीमाई नगरपालिका- १३ निवासी ३५ वर्षीय दिनेश भण्डारी, लहान नगरपालिका- १६ तरेगाना निवासी ५२ वर्षीय लालबहादुर विक, भगवानपुर गाउँपालिका- ३ निवासी ५४ वर्षीय बद्रीनारायण यादव, गोलबजार नगरपालिका- ४ निवासी ३८ वर्षीय फुलकुमार ठाकुर तथा गोलबजार- ६ निवासी ३५ वर्षीय लक्ष्मी राणा र ३५ वर्षीया बेचनी मगर घाइते भएको इलाका प्रहरी कार्यालय लहानले जनाएको छ ।

घाइतेमध्ये भण्डारी र कर्मचारी यादवको अवस्था गम्भीर रहेकाले उपचारका लागि विराटनगर पठाइएको छ । बाँकी घाइतेहरुको लहानस्थित सप्तऋषि अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब उपरीक्षक तपनकुमार दाहालले जानकारी दिनुभयो ।

विस्फोटबाट कार्यालयको एउटा कोठामा आगोसमेत लागेको छ । आगो वारुण यन्त्रले तत्कालै नियन्त्रणमा लिएको थियो । उहाँका अनुसार घटनास्थलमा जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्तिमोर्चाको पर्चा पम्पलेट फेला परेको छ ।

## अन्तराष्ट्रीय कुस्ति प्रतियोगिता सम्पन्न



कुमर बस्नेत, सिन्धुपाल्चोक

बारा जिल्लाको बेल्दारीमा नेपाली काङ्ग्रेस खेलकुद बिभाग द्वारा खुमबहादुर खड्का स्मृति अन्तर्राष्ट्रिय कुस्ती प्रतियोगिता आयोजना गरिएको छ । प्रतियोगिताको आईतवार उद्धाटन समारोह राखिएको थियो । कार्यक्रममा मणिभुसन यादवको अध्यक्षता र नेपाली काङ्ग्रेस पार्टी सभापति एवम् पुर्ब प्रधानमन्त्री शेर बहादुर देउवा को प्रमुख आथिथ्यता रहेको थियो । नेपाली काङ्ग्रेस केन्द्रिय सदस्य खेलकुद बिभाग प्रमुख एवम् पुर्ब सूचना तथा सञ्चार मन्त्री मोहन बहादुर बस्नेत, नेपाली काङ्ग्रेस केन्द्रिय सदस्य एवम पुर्ब स्वास्थ्य मन्त्री उमाकान्त चौधरी ,नेपाली काग्रेस केन्द्रिय सदस्य सोभाकर पराजुली , लगाएतको विशेष आथिथ्यतामा उक्त कुस्ती प्रतियोगिता उद्घाटन समारोह भव्य र सभ्य रूपमा सु-सम्पन्न भएको हो । कार्यक्रम मा बोल्दै सभापति देउवाले रास्ट्रकालगि खेल र स्वास्थ को लागि खेलकुद अति आबश्यक रहेको वताउँदै, यस्ता खेलकुद कार्यक्रम सबै जिल्लामा गर्न पार्टी तथा उहाँको तर्फकबाट साथ सयोग रहि रहने बताउनु भयो । खेलकुद बिभाग प्रमुख मोहन बहादुर बस्नेतले आउँदा दिनहरूमा सबै जिल्लामा पार्टी को नेताहरुका स्मृतिमा खेलकुद *बाँकि पेज ४ मा*

## मेलम्ची खानेपानी योजनाको बितरण पाइप पुरानै



रामचन्द्र बस्नेत, सिन्धुपाल्चोक

दशकौं देखिको निर्माणाधिन रुपमा झुलिरहेको मेलम्ची खानेपानी योजनाको सुरुङ्ग मार्ग सकुशल परिक्षण भएको भनिएपनि राजधानी बासीको मनमा अर्को चिन्ता छाएको प्रष्ट देखिन्छ ।

सिन्धुपाल्चोक बाट २७ कि मि सुरुङ्ग मार्ग हुँदै काठमान्डौंको सुन्दरीजलमा पानी झरेपनि करिव एक दशक अघि राजधानीको सडक किनारमा गाडिएको बितरण पाइपको गुणस्तरबारे कुनै जाँच नै नगर्दा "चोक्टा खान गाको बुढि झोलमा डुबेर मरी " भने झैँ भएको छ । कहिले खानेपानीको चिन्ता त कहिले त्यहि पानिमा डुविएला भन्ने डर । स्थानिय रामहरी राजभण्डारी भन्नुहुन्छ "राजधानीको चिन्तामा नै सरकारको ध्यान नगइरहेको बेलामा दुर-दराजको आवाज खै कस्ले सुन्लान् र ?"

पुराना पाइप टालटुल गरेर पानी ल्याउने तयारी गरिएको हो । पुरानापाइपमा सातामा एक चोटि पानी छाड्दा केही स्थानमालिकेज भई सडक जलमग्नबन्ने गरेका छन् ।अब मेलम्चीको पानीआउँदा दैनिक समय मिलाएर वितरण गरिनेछ । जसले गर्दा काठमाडौंका प्रायः सडक जलमग्नहुने खतरा रहेको स्वयं आयोजनाले नै स्विकारेको छ । 'कम्तीमा अहिले त सुन्दरीजलसम्म पानी आइसकेको छ,' काठमाडौं उपत्यका खानेपानी लिमिटेड अन्तर्गतको आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडीका) का प्रमुख कमलराज श्रेष्ठले यस बिषयमा 'अब समस्या नहोला भन्नु भयो ।' टेस्टिङ कमिसनकालागि ठूलो परिणाममा पानी चाहिने उहाँको भनाइ छ । 'पानी नआई नयाँ नेटवर्क मार्फत वितरण गर्ने तत्काल सम्भावना छैन,'उहाँले भन्नुभयो, 'तर नभएकै त होइन, नयाँ पाइपलाइनबाट प्रोजेक्ट एरियाको १० प्रतिशत क्षेत्रमा मात्र पानी वितरण हुनेछ ।'

उहाँका अनुसार नयाँ पाइप बिछ्याउने काम पहिलो चरणमा करिब ११ सय कि.मि. *बाँकि पेज ४ मा*

## सिंहको निधनमा काउन्सिलमा शोकसभा

नेत्र बस्नेत, सिन्धुपाल्चोक



प्रेस काउन्सिल नेपालले पूर्व अध्यक्ष सुरेन्द्र प्रसाद सिंहको निधनमा श्रद्धाञ्जली व्यक्त गर्न शोकसभा गरेको छ। गत फागुन १८ गते निधन भएका सिंह काउन्सिलमा २०४७ देखि २०४८ सम्म अध्यक्ष हुनुहुन्थ्यो। २०५२ सालमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश हुनुभएका सिंहले काउन्सिलमा अध्यक्ष रहँदा प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको निमित्त खेल्नुभएको भूमिकाको स्मरण गर्दै काउन्सिलका कार्यवाहक अध्यक्ष गोपाल बुढाथोकीले विगतको इतिहास र अग्रजको योगदानको कदर गरिने बताउनुभयो ।

१३ औं दिनको तिथिमा आयोजित शोकसभामा बोल्दै उहाँले सिंहको निधनले प्रेस काउन्सिल परिवार शोकाकुल बनेको भन्दै शोकसन्तप्त परिवारमा धैर्यधारणका लागि समवेदना प्रकट गर्नुभयो । कार्यवाहक अध्यक्ष बुढाथोकीले काउन्सिलको सातौं अध्यक्ष सिंहको महत्त्वपूर्ण योगदान रहेको र गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै अग्रजको सम्मान गर्नु कर्तव्य हुने उल्लेख गर्नुभयो । कार्यक्रममा काउन्सिलका प्रमुख प्रशासकीय अधिकृत झबिन्द्र *बाँकि पेज ४ मा*

## हार्दिक बधाई







यस सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. २ का अध्यक्ष आदरणीय दिपेन्द्र थापा बाग्मती प्रदेश निर्माण ब्यवसायी महासंघको अधिबेशनबाट प्रदेश उपाध्यक्ष पदमा सर्वसम्मत रूपमा निर्बचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

चौतारा साँगाचोकगढी न.पा. वडा नं. २,कार्यसमिति परिवार
सिन्धुपाल्चोक

# सम्पादकीय

## स्थानिय नेतृत्वमा नैतिकताको चुनौती

देश भरिका ७५३ स्थानीय सरकारहरूमा केही अब्बल देखिएका छन् त केहीको अबस्था दयनीय छ, दुर्बल छ । सर्बप्रथमतः एउटा राज्यले स्थानीय सरकारसँग के अपेक्षा राखेको हुन्छ त ? यसबारे कुरा गरौं । स्थानीय सरकारहरू जनता नजिक रहेर काम गर्छन् । यसकारण यिनले स्थानीय समुदायका दैनन्दिन र शिक्षा , स्वास्थ्य , न्यूनतम रोजगारी जस्ता आधारभूत कुरा सरल सुलभ प्राप्त होस् भन्ने नै जनताको अपेक्षा रहन्छ । स्थानीय सरकारसँगका यस्ता अपेक्षालाई कतिपय देशमा कानुनमानै लिपिवद्ध गरिएका हुन्छन् । आफ्ना लागि गाडी किन्नु साटो उक्त रकमले पोलिटेक्निक इन्सिटिच्युट खोल्न तम्सिने कनकाई नगरपालिकाका मेयर भनौं वा आफूलाई ज्यान मार्ने धम्की दिने ब्यक्तिलाई रिहा गर्न आग्रह गर्ने ललितपुरका मेयर । यस्ता धेरै उदाहरण छन् जसले स्थानिय नेतृत्व खारिँदैछ, परिपक्क बन्दैछ भन्ने देखाउँछ । यसका बावजुद कतिपय जनप्रतिनिधिनै गैरकानुनी लेनदेनमा सामेल हुनु, बलात्कार , बहुविवाह जस्ता अपराधमा सँलग्न हुने केही केसले भने स्थानीय तहको नेतृत्वमा नैतिकता कसरी प्रदर्शन गर्ने भन्ने चुनौती थपिएको महशुस हुन्छ ।

श्री कालिदेवी सप्लायर्स
बाह्रविसे नगरपालिका-९
हाम्रा सेवाहरू :
सोलार, चिम्नी, फिल्टर, भगवानको मुर्तिहरु, गिफ्ट आईटमहरु, फोल्डिङ दराज, पार्केटिङ काठ सबै एकै ठाँउमा उपलब्ध छ।
प्रो. रामहरी बस्नेत
सम्पर्क : ९८६२४११७०५, ९८१०१८६२५६

## जिल्लाका महत्वपूर्ण टेलिफोन नम्बरहरु

सिन्धुपाल्चोक जिल्ला अदालत: ०११-६२०१०१, ६२०११२
जिल्ला प्रशासन कार्यालय: ०११-६२०१३३, ६२०१०६
जिल्ला समन्वय समितिको कार्यालय: ०११-६२०१०२, ६२००९१
जिल्ला सरकारी वकिलको कार्यालय: ०११-६२०१२१
गोरखबहादुर गण: ०११-६२०१५०, ६२०००९७
खा.पा.तथा सरसफाई डिभिजन कार्यालय: ०११-६२०१४९
जिल्ला शिक्षा कार्यालय: ०११-६२०११७
जिल्ला प्राविधिक कार्यालय: ०११-६२०३३८
जिल्ला कृषि विकास कार्यालय: ०११-६२०१२५
जिल्ला वन कार्यालय: ०११-६२०१४६
जिल्ला प्रहरी कार्यालय: ०११-६२०१०४, ६२००८८
इलाका प्रहरी कार्यालय मेलम्ची: ०११-४०१०४४
इलाका प्रहरी कार्यालय बाह्रबिसे: ०११-४८९१००
इलाका प्रहरी कार्यालय नवलपुर: ०११-४८०१००
राष्ट्रिय अनुसन्धान कार्यालय: ०११-६२००९९
जि. स्वास्थ्य कार्यालय: ०११-६२००९२
कोलेनिका: ०११-६२०१४०
जिल्ला पशु सेवा कार्यालय: ०११-६२०११५
मालपोत कार्यालय: ०११-६२०४७४, ६२०१२०
घरेलु तथा साना उद्योग विकास समिति: ०११-६२०१२९
महिला तथा बालबालिका कार्यालय: ०११-६२०१२३
भ-संरक्षण कार्यालय: ०११-६२००१४, ०११-६२००७१
जिल्ला हुलाक कार्यालय: ०११६२०११६
कारागार शाखा कार्यालय:०११-६२००११
जिल्ला निर्वाचन कार्यालय: ०११-६२००७४
नापी कार्यालय: ०११-६२०१२८
वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखा: ०११-६२०१३८
डिभिजन सहकारी कार्यालय, काभ्रे: ०११-४९०१५७
सहरी विकास तथा भवन डिभिजन कार्यालय: ०११-६२०३४३
सडक डिभिजन कार्यालय, दोलखा: ०४९-४२११२०
नेपाल विद्युत प्राधिकरण: ०११-६२०१४१
नेपाल विद्युत प्राधिकरण वितरण शाखा, लामोसाँघु: ०११-४८२१३९
जिल्ला आयुर्वेदिक कार्यालय: ०११-६२०१४३
नेपालटेलिकम: ०११-६२००११, ६२०००१
तातोपानी भन्सार कार्यालय: ०१९-४८८०१३१
नेपाल बैंक लिमिटेड: ०११-६२०१०५
कृषि विकास बैंक: ०११-६२०१३७
चौतारा नगरपालिका: ०११६२०४७७
मेलम्ची नगरपालिका: ०११४०१०८९
एम्बुलेन्स सेवा
सिन्धु उपकार बचत तथा ऋण सहकारी संस्था: ९७४१३९१८८
चौतारा एम्बुलेन्स सेवा: ९८१३१३८३५७
महांकाल हेलम्बू स्वास्थ्य एम्बुलेन्स सेवा: ९८४३७२६३३५
प्राथमिक स्वास्थ्य केन्द्र एम्बुलेन्स सेवा बाह्रबिसे: ९८५१०८३९७०
सिन्धु सदावहार अस्पताल: ९८४११०९०३९
सदावहार युवा क्लव: ९८५१०३४८३९
किस्टोन हस्पिटल: ९७४१०३१०७४
प्रयास नेपाल: ९७४१२३०३१०
नवलपुर एम्बुलेन्स सेवा:९७४१०२५६७५
सिन्धु उपत्यका: ९७४१२६९०६९
मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र: ९८४३३९११८२

# विचार

## स्थानीय सरकार विकासको कोशेढुंगा बन्नसक्ने आधार



महेश पराजुली

प्रजातन्त्र के हो भनेर बुझ्ने, बुझाउने क्रममा राजनैतिक चिन्तकहरूले 'थिक एन्ड थिन डेमोक्रेसी' शब्दावलीको प्रयोग बारम्बार गर्छन्। उनीहरूका अनुसार 'थिन डेमोक्रेसी' (पातलो प्रजातन्त्र) ले आवधिक निर्वाचनका माध्यमबाट जनताका प्रतिनिधिहरूले शासन गर्ने कुरालाई सर्बोपरी ठान्छ।

'थिक डेमोक्रेसी' (बाक्लो प्रजातन्त्र) ले शासनमा जनताको अर्थपूर्ण सहभागिता र सामाजिक न्यायको कुरालाई जोड दिन्छ।

हामीले अवलम्बन गरेको संघीय शासन प्रणालीले पनि यही प्रजातन्त्रको 'बाक्लो' परिभाषालाई समेट्ने चेष्टा गरेको हो। जसअनुसार प्रजातान्त्रिक लाभहरूको वितरणका लागि हाल नेपालमा ७६१ वटा सरकार क्रियाशील छन्।

२०७२ सालमा संविधान जारी भएको मितिलाई मान्ने हो भने संघीयताको 'फर्म्याट' मा नेपालको प्रजातान्त्रिक शासन प्रणालीले पाँच वर्ष पूरा गरिसकेको छ। संघीय शासन प्रणाली बलियो बनाउन प्रयासहरू नभएका पनि होइनन्। तर विभिन्न पात्र र प्रवृत्तिका कारण राजनीतिक स्थायित्वले अपेक्षाअनुसार गति लिन नसक्दा समग्र प्रजातान्त्रिक प्रणालीमा नै दुरगामी प्रभाव पर्ने हो कि? वा यसबाट 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय चाहनामा कुठाराघात हुने हो कि भन्ने चिन्ता पनि सुनिन थालिएको छ।

विगतमा दशकौंसम्म एकात्मक शासन प्रणालीमा हुर्केका हामी नेपालीलाई यस्तो महसुस हुनु ठूलो कुरा पनि होइन। तर संघीयता र स्थानीय सरकारका विविध पक्षमा चाख राख्ने अध्येताको हिसाबले मेरो विचारमा निराश हुनुपर्ने अवस्था छैन।

संघीय प्रणालीको सुन्दर पक्ष नै यसमा बहुतहका सरकार हुन्छन् र कुनै एक तहको सरकारमा समस्या देखिए पनि अन्य तहका सरकारले निर्वाध कार्य गरिरहन सक्छन्। यसकारण केन्द्रीय स्तरमा भइराखेका राजनीतिक उतारचढावले नेपालको आफ्नै गतिमा चलिरहेको विकास प्रक्रियामा नगन्य प्रभाव रहन्छ भन्ने आशावादीहरूको पनि कमी छैन।

यस अर्थमा हाम्रा ७५३ स्थानीय सरकार नेपालको विकास प्रक्रियालाई निरन्तर अगाडि बढाउन र प्रजातान्त्रिक शासन प्रणालीलाई तलबाट नै बलियो बनाउन आउँदा दिनमा कोशे ढुंगा सावित हुन्छन् भन्ने यो लेखकको विश्वास हो।

तर कसरी? यसका केही निश्चित आधार छन्।

पहिलो, अन्य तहहरूमा भन्दा फरक स्थानीय तहको विशिष्ट प्रकृतिको शासन संरचना।

स्थानीय तहमा अभ्यास गरिएका विभिन्न शासकीय संरचनामध्ये नेपालले स्थानीय तहमा अपनाएको संरचना 'मेयर काउन्सिल' प्रणाली हो। यसमा नगर प्रमुख/उपप्रमुख, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष तथा गाउँनगर सभाका अधिकांश पदाधिकारीहरू सिधै जनताबाट चुनिन्छन्।

स्थानीय सरकारको आयु पाँच वर्षको हुन्छ। बहुमत र अल्पमतको आधारमा सरकार बदलिने परिपाटीको परिकल्पना संविधानले गरेको छैन। स्थानीय नेतृत्वका लागि पार्टीगत रूपमा चुनाव जितेर आए पनि त्यसपछि मेयर वा अध्यक्ष सबैका साझा हुन पुग्छन्। भलै व्यवहारिक रूपमा उनीहरू कुन हदसम्म सबैको साझा हुन पुगेका छन् प्रश्न गर्न सकिन्छ। तर यो पद्धतिले स्थानीय तहमा एक खालको राजनीतिक स्थायित्व भने अवश्य दिएको छ।

दोस्रो आधार हो राज्य शक्तिको विकेन्द्रीकरण। वर्तमान संघीय शासन प्रणालीले राजनीतिक शक्तिका अतिरिक्त आर्थिक शक्तिको पनि विकेन्द्रीकरण गरेको छ। शक्तिको विकेन्द्रीकरणले कुनै एउटै संस्था वा व्यक्ति चाहेर पनि निरंकुश हुन सक्दैन।

त्यसबाहेक प्रत्येक गाउँपालिका तथा नगरपालिकाभित्र शक्तिको प्रयोग र वितरण सन्दर्भमा आ-आफ्नै खालको 'पोलिटिकल डाइनामिक्स' ले काम गरिराखेको हुन्छ। र यो केन्द्रीय राजनीतिभन्दा निश्चय नै फरक पनि हुन सक्छ। संघीय तथा प्रदेश सरकारले औसत काम गरेको अवस्थामा पनि केही स्थानीय तहहरूले अब्बल काम गरिराख्नुका पछाडि यही कारण हो।

तेस्रो, स्थानीय सरकारहरू भविष्यका लागि आवश्यक पर्ने राष्ट्रिय नेतृत्वहरू उत्पादन गर्ने कारखाना पनि हुन्। स्थानीय तहमा सफल मेयर वा अरू कुनै नेतृत्व भोलिका दिनमा राम्रो सांसद वा मन्त्री हुन सक्छन्।

दक्षिण कोरियाकै उदाहरण हेर्नुहोस्, राजधानी सोलका सफल मेयरहरू राष्ट्रपति भएका छन्। समग्र कोरिया हाँकेको इतिहास छ। अमेरिकामै पनि स्थानीय तहमा राम्रो काम गर्नेहरू राज्य सरकार हुदै संघीय अर्थात राष्ट्रियस्तरमै सफल नेताका रूपमा उदाएका धेरै उदाहरण छन्। यस अर्थमा स्थानीय तहका सरकारले प्रजातान्त्रिक नेतृत्व विकासका लागि पाठशालाका रूपमा काम गरिराखेका हुन्छन्।

चौथो आधार हो, जनताका आर्थिक तथा सामाजिक अधिकार कार्यान्वयनका लागि संविधानले स्थानीय सरकारलाई दिएको विशिष्ट जिम्मेवारी। संविधानमा उल्लेखित स्थानीय तहको एकल अधिकार र साझा अधिकारमा उल्लिखित अधिकारहरूलाई हेर्ने हो भने शिक्षा स्वास्थ्य लगायत जनतालाई प्रदान गरिनुपर्ने आधारभूत सेवाप्रवाहको जिम्मेवारी र मौलिक अधिकारको प्रभावकारी कार्यान्वयन दायित्व पनि अन्ततः स्थानीय तहमा नै छ।

विकासमा जनताको सहभागिता सुनिश्चित गर्न र सामाजिक न्याय प्रत्याभूत गर्ने उपयुक्त थलो पनि स्थानीय तह नै हो।

अर्को महत्वपूर्ण कुरा स्थानीय सरकारहरू संघीय तथा प्रदेश तहका धेरै कार्यक्रम कार्यन्वयन गर्ने माध्यम अर्थात 'इम्पिलिमेन्टेसन ह्यान्ड्स' का रूपमा क्रमशः स्थापित हुँदै छन्। गृह र रक्षा मन्त्रालयलाई अपवादमा राखेर हेर्दा सायदै कुनै मन्त्रालय होलान् जसका कार्यक्रम कार्यन्वयनका लागि स्थानीय सरकारको सहभागिता नहोस्।

(सेतो पाटीबाट)

नेपाल सरकार
गृह मन्त्रालय
### जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

मितिः-२०७७/१२/०१

**बिषयः- जानकारी गराईदिने सम्वन्धमा ।**

**श्री स्थानीय तह, सबै**
**सिन्धुपाल्चोक ।**

प्रस्तुत बिषयमा तँहा पालिका अन्तर्गत वडाहरुवाट यस कार्यालयमा नागरिकता प्रमाणपत्र, राहदानी प्रमाणपत्र लगायतको सेवा लिन आउँदा राष्ट्रिय परिचय पत्र समेत अनिवार्य रुपमा बनाउनु पर्ने भएकोले उक्त परिचय पत्रको लागी चाहिने कागजातहरु सबै सेवाग्राहीहरुले नलिई आउने गरेकोले सेवा प्रवाहमा ढिलाई भईरहेको हुँदा सेवा लिन आउँदा निम्न कागजातहरु अनिवार्य रुपमा लिएर जान तँहा पालिका अन्तर्गत सबै वडा कार्यालयहरु र सम्बन्धित बासिन्दाहरुलाई जानकारी गराईदिन हुन अनुरोध छ ।

निम्नः-

१. नागरिकता लिएको भए सक्कल नागरिकता प्रमाणपत्र ।
२. नागरिकताको प्रमाणपत्रमा जन्ममिति नखुलेको हकमा सो खुल्ने प्रमाणपत्र वा पालिकाको सिफारिस ।
३, राहदानी लिएको भए सो को सक्कल वा प्रतिलिपी ।
४. बँसाईसराई गरेकाहरुको हकमा बसाईसराई प्रमाणपत्र ।
५. विवाहितको हकमा नागरिकतामा पति/पत्नीको नाम उल्लेख नभएमा बिवाह दर्ता प्रमाणपत्र ।

**बाबुराम खनाल**
**स.प्र.जि.अ.**

# स्वास्थ्य

## जानिराखौं टिम्मुरका फईदाहरू

टिम्मुर नेपालको हिमाली भुभागमा पाईने एक प्रकारको मसला मानिन्छ । यसलाई हामिले प्रयोग गर्न जाने यो एक बहुगुणी जढिबुटी हो । यसको धेरै फाईदा हरु रेहेका छन् । टिम्मुरको छुट्टै किसिमको विशेषताहरु रहेका छन् । टिम्मुरको तीखो र मसलेदार स्वादले मुखमा इन्जाइमहरू उत्पादन गर्दछ जसले पाचन प्रक्रियालाई सजिलो बनाउँदछ र पेटमा ग्यास नियन्त्रण गर्दछ । यसलाई दाँत दुख्ने उपचारको लागि पनि प्रयोग गरीन्छ । टिम्मुरमा भिटामिन ए, फस्फोरस, थायमिन, फाइटोस्टेरोल्स र क्यार ोटीनआदि प्रसस्त पाईन्छ । टिम्मुरसँग प्रतिरक्षा प्रणालीलाई उत्प्रेरित गर्ने, दुखाइ कम गर्ने, भोक बढाउने, रक्तस्राव बढाउने, हड्डीहरूलाई सुदृढ पार्ने र सूजन कम गर्ने क्षमता छ । टिम्मुरको





केही गेडालाई पिँधेर १२५-२५० मिग्रा धुलोलाई महमा मिलाएर चाट्नाले वा वीरेनुन र हिङसँग ४/५ दाना टिमुर मिलाई पानीमा पकाएर खानाले पेटको दुखाइ, दम, रुघाखोकी आदि रोगमा फाइदा गर्छ ।

यसले पेटको जुका मार्छ ।

यसले खानपानमा रुची बढाउनुको साथै बान्ता पनि रोक्छ ।

टिमुरका गेडा, बोक्रा, जरा, कलिला हाँगासहितका पातहरुलाई पिँधी धुलो बनाइ खानाले दाँत तथा मुखका सम्पूर्ण रोगहरु नाश गराउँछ ।

यसले दुखेको दाँतमा टिमुर राख्दा पनि आराम मिल्छ ।

यसको धुलोलाई मनतातो पानीमा राखेर खानाले पेटको वायु सफा राख्दछ ।

टिमूर एक अद्वितीय हिमालय जडिबुटी हो । यो नेपाली खानामा सबैभन्दा लोकप्रिय मसला हो ।

## आगलागीबाट हुने क्षति न्युनिकरणका लागि प्रहरीको अनुरोध।

समयको माग अनुसार मौसम परिवर्तन को एउटा चक्र रहेको छ । जस अनुसार अहिलेको मौसम भनेको सुख्खा, गर्मि,हावाहुरी चल्ने देखी लिएर विभिन्न ठाउँमा घर,समाज वन जङ्गल ईत्यादी ठाउँ हरुमा आगोलागि हुने सम्भावना अत्यधिक मात्रामा हुने गरेको र हामिले देख्दै सुन्दै र भोल्दै आईरहेका छौ । हाम्रो सानो त्रुटीले गर्दा हाम्रो घर, समाज, वन-जङ्गल लगायत वातावरणिय पर्याबरणमा नकरात्मक प्रभाव पर्नुका साथै ठुलो मात्रामा क्षती पुग्न सक्छ । जसले गर्दा अनावृष्टी,अतिवृष्टी,खडेरी पर्नुका साथै वन जङ्गल विनास हुनु जङ्गलि पसुपन्छि, जिव-जनावर, चराचुरुङ्गि को वास स्थान विनास हुनुका साथै बाढिपहिरो जानु, आर्थिक ,भौतिक चिज वस्तुको नास हुनुका साथै ज्यान समेत जान सक्छ । यसरी हाम्रो सानो लापर्वाहिले पारस्थितिक प्रणालिमा ह्रास आउनुका साथै वातावरणमा पर्तिकुल असर पर्दछ ।त्यसकारण आगोलागि हुन बाट बच्न र बचाउनका साथै स्वच्छ र सफा वातावरणको निर्माण गर्नका लागि निम्न सावधानि अपनाउन जरुरी छ ।यसरि निम्न कुराहरुमा सचेत भई सभ्य नागरिकको पहिचान दिई सम्भावित आगलागीबाट आफु पनि जोगिऔ र अरुलाई पनि जोगाऔँ भन्ने भावना राखि कार्य गर्दैसमाजमा जनचेतना फैलाएमा सम्भाबित आगोलागि लाई रोक्न सकिन्छ । यसरि कुनै पनि हेलचेक्र्याई गरि आगो लगाएमा सम्वन्धित व्यक्तिलाई जि.प्र.का. सिन्धुपाल्चोकले कानुनको दायरामा लिई कानुन वमोजिम आवस्यक कार्वाहि गर्नेछ भने तत्सम्वन्धि सुचना दिने व्यक्तिलाई यथोचित पुरस्कारको व्यवस्था गरेको छ ।

**आगलागीबाट हुने क्षति न्युनिकरणका लागि अनुरोध ।**

हावाहुरी चल्ने सुख्खा याममा जथाभावी आगो तथा चुरोट र विँडीका ठुटाहरु नफालौं,
कुनैपनि ठाउँमा आगो बालिसके पछि पानि हालेर निभाएर मात्र छोडौ,
खेतबारिमा आगो लगाउदा फैलिएर वन-जङ्गल घरमा समेत पुग्ने हुदाँ हावा नचलेको समयमा लगाई निभाएर मात्र छोडौ,
घरमा सलाई, लाईटर, मट्टीतेल, पेट्रोल, स्प्रिट, ग्याँसजस्ता अति प्रज्वलनशील पदार्थ केटाकेटीले सजिलै भेट्नसक्ने ठाँउमा नराखौं र यसको प्रयोग सावधानीपूर्वक गरौं,
रातिको समयमा सुत्नु भन्दा अगाडि आगो निभाएर मात्र सुत्ने बानिको विकास गरौ ,
पराल, स्याउला, सोत्तर जस्ता तुरुन्त आगलागी हुने चिजवस्तुहरु व्यवस्थित गरी आगोको पहुँच भन्दा टाढा राख्न लगाऔं
अति प्रज्वलनशील ठाउँ, चिज बस्तु वरिपरी आगो जन्य चिज हरु नवालौ,
वन जङ्गलमा लाग्ने डढेलोबाट गाउँ तथा बस्ती जोगाउन बस्ती र वन जङ्गलबीच अग्नि रेखा बनाऔं,
आगलागीबाट भएका घाईते तथा विरामीलाई तुरुन्त नजिकको स्वास्थ्य चौकी वा अस्पताल लैजाऔं,
आगलागीको सम्भावित क्षेत्रहरुमा क्षति न्यूनिकरण र प्रतिकार गर्नको लागि जोखिम क्षेत्रको नक्शांकन गरी त्यस्ता स्थानहरुमा समाजिक जनचेतना अभिवृद्धि गरौं र समय-समयमा अभ्यास तथा पूर्व तयारी गरौं गराऔं,
विपद्को समयमा उद्दारको लागि पानी प्रयोग गर्ने उद्देश्यले नजिकको कुवाँ, पँधेरो, ईनार, पोखरी, धारा तथा ट्यूवेल रहेको स्थानहरुको पहिचान र संरक्षण गरौं,
पुजाआजा गरी दियो, धूपबत्ती, मैनबत्ती वा टुकी बाली मान्छे नभएको बेला त्यतिकै नछोड्न सचेत गराऔं,
याद गरौं ! हाम्रो शरीरमा आगो सल्कियो भने भाग दौड नगरौं, भुइँमा सुतौं र लडिबुडी गरौं,
प्रहरी, दमकल, एम्बुलेन्स, अस्पताल, अन्य सुरक्षा निकाय आदि जस्ता अत्यावश्यक सेवा दिने नजिकका कार्यालयहरुको सम्पर्क नम्बर सार्वजनिक ठाउँहरुमा स्पष्ट देखिने गरी टाँसौं तथा प्रचार प्रसार गरौं,

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

**आगलागीका कारण हुन सक्ने क्षतिबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं.**

**जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक ।**

**सम्पर्क : ९८५१२८४३२१**

# साहित्य

## गजल



*चाहेर फर्काउन सकिदैन बचपन छोडेर आएपछि*
*आमा बाबा प्रिय सँगको साथ तोडेर आएपछि,*

*यहाँ त छघ डिग्री को घाम सँगै लड्नु पर्दो रैछ आमा*
*तिमिले दुख गरेको त्यो जन अनि मखन छोडेर आएपछि*

*अर्काको देश हो दुख पीडा कति छन् कति*
*पागल साथि भेटियो गाउका सज्जन छोडेर आएपछि*

*लगाम बिनाको गोडा जसको धन कमाउन म बाबा बन्धकि राखि*
*कमाउला छोरो भन्दै के आस राख्ला र खै परिबन्दन तोडेर आएपछि*

*चाहेर फर्काउन सकिँदैन बचपन छोडेर आएपछि*
*आमा बाबा प्रिय सँगको साथ तोडेर आएपछि ॥*

**✍सुशील लोप्चन**
*चौतारा सागाचोकगढी नगरपालिका ३ बतासे खाले*

## आजको राशिफल

**मेष** -प्रेममा सफलता हासिल हुनेछ । खेलकुद र भ्रमणमा आकर्षण बढ्ला । बोली र व्यक्तित्वको प्रभावमा वृद्धि होला । घरको सुखशान्ति बढ्नेछ । आफन्तको सहयोग समर्थन मिल्नेछ ।

**बृष** - शुभ काममा सफलता प्राप्त होला । सन्ततिसुख बढ्ला । आयस्रोत बढ्नेछ । दूरदेशबाट शुभ समाचार प्राप्त होला । मान सम्मान बढ्ला ।

**मिथुन** - नियमकानूनलाई ध्यानमा राख्नुपर्ला । खेलकुद भ्रमणमा आकर्षण बढ्नेछ । मिठो भोजन मिल्नेछ । अरुको भरमा बस्नु र विवादमा पर्नु उचित हुनेछैन ।

**कर्कट** - सफलता मिल्नेछ । समस्याको समाधान मिल्नेछ । आय स्रोत बढ्नेछ । रोकिएको धन उठ्नेछ । सुख शान्ति बढ्नेछ । पारिवारिक स्थिति पनि अनुकूल रहनेछ

**सिंह** - ऋण रोग र शत्रुलाई जित्ने सामर्थ्य बढ्नेछ । सुख समृद्धि मिल्नेछ । समस्याको समाधान मिल्नेछ । साहसिक कार्यमा सफलता मिल्नेछ । नयाँ सफलता मिल्नेछ । रोकिएको काम बन्नेछ । धनसम्पति बढ्नेछ ।

**कन्या** - वार्तामा सफलता मिल्नेछ । धन सम्पत्ति बढ्ला । शुभ र भाग्यवर्द्धक काम बन्नेछ । यात्रा हुनेछ । मान पुरस्कार मिल्नेछ ।

**तुला** - भोगविलासमा आकर्षण बढ्नेछ । भागदौड लागि रहला । शारीरिक र आर्थिक काममा प्रगति होला । प्रेममा सफलता प्राप्त होला । मिठो भोजन खान पाउनुहुनेछ ।

**वृश्चिक** - विवादप्रति सचेत भइ अरुको भरमा नपरेर काम गर्नु हितकर रहला । बोली र व्यक्तित्वको प्रभाव भने बढ्नेछ । यात्रापरक काम बन्नेछ । समस्याको समाधान मिल्नेछ । धनु - आरोग्यता बढ्ला । शत्रुलाई जित्ने क्षमता बढ्नेछ । आर्थिक उनन्ति हुनेछ । आफन्तको सहयोग समर्थन मिल्नेछ । वार्तामा सफलता मिल्नेछ ।

**मकर** - यात्रमा सफलता मिल्नेछ ।सुख समृद्धि बढ्ला । इष्टमित्रको सहयोग मिल्नेछ । सन्तान सुख बढ्ला । शुभ काम बन्नेछ । उन्नति पदोन्नति हुनेछ । मान महत्व बढ्ला ।

**कुम्भ** - काममा सफलता मिल्नेछ । समस्याको समाधान मिल्नेछ । यात्रा होला । रसरागमा आकर्षण बढ्ला । सुख शान्ति समृद्धि बढ्नेछ । शुभ काम बन्नेछ ।

**मीन** - मिठो भोजन मिल्नेछ । रोकिएको काम बन्ला । मनोकुलको काम बनेर मन प्रशन्न भैजानेछ । रसरागमा आकर्षण बढ्नेछ । सुखको बस्तुमा खर्च बढ्ला ।

**तपाईंको दिन शुभ रहोस्**

**यहाँहरूकै शहर चौतारा,टुडिखेलबाट**
**विहान ५:00 बजेदेखि राती ११ बजेसम्म बजिरहेको**
RADIO SINDHU
105 MHz
नेपालीपन नेपाली रेडियो
105 Radio Sindhu
**रेडियो सिन्धु १०५ मेगाहर्ज**
**सुनौ र प्रतिक्रिया दिऔं फोन नं. ०११-६२०३९६/९७**




**पालिका बासिहरुलाई अनुरोध**

बलेफी गाउँपालिका बासिहरुको आय,स्तर उन्नतीका लागि आयआर्जनमुलक कार्यमा नगरपालिकाले सहयोग गरिरहेको हुँदा आ-आफुले गरेको र गर्न लागेको उद्योग, फर्म, संघसंस्था तथा समुहहरु समयमा नै दर्ता नविकरण गरी नगरपालिकाबाट पाउने सहयोग लिन हार्दीक अनुरोध गर्दछौं । साथै आ-आफ्नो घर आँगन सधै सफा राखौं सरुवा रोगबाट बचौं र बचाऔं खेतीयोग्य जमिन बाँझो नराखौं उत्पादनमुलक कार्यमा सहभागी बनौं सम्बन्धित वडामा व्यक्तिगत घटना दर्ता समयमै गरौं ।

**बलेफी गाउँपालिका**
**सिन्धुपाल्चोक**

**वडा बासिहरुलाई अनुरोध**

चौ.सा.गढी नगरपालिका वडा नं. १ बासिहरुको आय,स्तर उन्नतीका लागि आयआर्जनमुलक कार्यमा नगरपालिकाले सहयोग गरिरहेको हुँदा आ-आफुले गरेको र गर्न लागेको उद्योग, फर्म, संघसंस्था तथा समुहहरु समयमा नै दर्ता नविकरण गरी नगरपालिकाबाट पाउने सहयोग लिन हार्दीक अनुरोध गर्दछौं । साथै आ-आफ्नो घर आँगन सधै सफा राखौं सरुवा रोगबाट बचौं र बचाऔं खेतीयोग्य जमिन बाँझो नराखौं उत्पादनमुलक कार्यमा सहभागी बनौं सम्बन्धित वडामा व्यक्तिगत घटना दर्ता समयमै गरौं ।

**वडा नं. १ परिवार**
**चौ. सा. गढी**
**न.पा,सिन्धुपाल्चोक**

**नगर बासिहरुलाई अनुरोध**

मेलम्ची नगरपालिका बासिहरुको आय,स्तर उन्नतीका लागि आयआर्जनमुलक कार्यमा नगरपालिकाले सहयोग गरिरहेको हुँदा आ-आफुले गरेको र गर्न लागेको उद्योग, फर्म, संघसंस्था तथा समुहहरु समयमा नै दर्ता नविकरण गरी नगरपालिकाबाट पाउने सहयोग लिन हार्दीक अनुरोध गर्दछौं । साथै आ-आफ्नो घर आँगन सधै सफा राखौं सरुवा रोगबाट बचौं र बचाऔं खेतीयोग्य जमिन बाँझो नराखौं उत्पादनमुलक कार्यमा सहभागी बनौं सम्बन्धित वडामा व्यक्तिगत घटना दर्ता समयमै गरौं ।

**मेलम्ची नगरपालिका**
**सिन्धुपाल्चोक**

**पालिका बासिहरुलाई अनुरोध**

त्रिपुरासुन्दरी गाउँपालिका बासिहरुको आय,स्तर उन्नतीका लागि आयआर्जनमुलक कार्यमा नगरपालिकाले सहयोग गरिरहेको हुँदा आ-आफुले गरेको र गर्न लागेको उद्योग, फर्म, संघसंस्था तथा समुहहरु समयमा नै दर्ता नविकरण गरी नगरपालिकाबाट पाउने सहयोग लिन हार्दीक अनुरोध गर्दछौं । साथै आ-आफ्नो घर आँगन सधै सफा राखौं सरुवा रोगबाट बचौं र बचाऔं खेतीयोग्य जमिनु बाँझो नराखौं उत्पादनमुलक कार्यमा सहभागी बनौं सम्बन्धित वडामा व्यक्तिगत घटना दर्ता समयमै गरौं ।

**त्रिपुरासुन्दरी गाउँपालिका**
**सिन्धुपाल्चोक**

लोकप्रिय समाचार | हुलाक दर्ता नं: २६ सि.पा. जिल्ला हुलाक कार्यालय | २०७७ चैत ०२ गते सोमवार 2021 Mar. 15 Monday | दर्ता नं: ०६८/०७०/०७१ सि.पा 

# CHAUTARA SANGCHOKGADHI MUNICIPALITY
## Office Of The Municipal Executive
## Chautara, Sindhupalchok

**INVITATION FOR SEALED QUOTATION**

Invitation for Sealed Quotation for the Procurement of Goods (Supply and Delivery of Fabricated Steel Parts for Khale Khola Trail Bridge)

Contract Identification No: CSGM/NCB/GOODS-01/077-78

**Date of publication: 2077/12/02(15-03-2021)**

1. The Chautara Sangachokgadhi Municipality Office ,Chautara, Sindhupalchok invites Sealed Quotation from the Registered Suppliers' for the Supply and Delivery of following Goods.

| Contract Identification No | Description | Estimated Amount (Without VAT) | Bid Security Amount | Price of Bid Document | Bid Purchase Last Date, Time | Bid Sub-mission Last Date, Time | Bid Open-ing Date, Time |
|---|---|---|---|---|---|---|---|
| CSGM/NCB/ GOODS -01/077-78 | Supply and Delivery of Fabricated Steel Parts for Khale Khola Trail Bridge,CSGM-3 | 858,439.05 | 24,500.00 | Rs.1,000 | 2077/12/16 (29-03-2021) at 17:00 hrs | 2077/12/17 (30-03-2021) at 12:00 hrs | 2077/12/17 (30-03-2021) at 13:00 hrs |

Interested Eligible Suppliers' may obtain further information and inspect the Sealed Quotation Forms at the office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara,Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np.or may visit PPMO website www.bolpatra.gov.np/egp.

2. Sealed Quotation Forms may be purchased by eligible Suppliers' on the submission of a written application along with the copy of company/firm registration certificate, VAT/PAN registration certificate, Tax clearance certificate of FY 2076/077 & upon payment of a non-refundable fee as stated above.

OR

Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank: Nepal Bank Limited, Chautara Branch

Name of Office: Chautara Sangachokgadhi Municipality

Account Number(Aantarik Rajashwo Khata for bid document fee): 05703000001001000001

Dharauti Khata No. 05703000003000000001

Office Code No: 23-365-14

3. Sealed Quotation must be submitted to the office on the above mentioned date,time and place or Electronic sealed bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.Sealed Quotations received after this deadline shall not be entartained.

4. Sealed Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of NRs. **24,500.00** which shall be valid for 30 days beyond the validity period of the bid .

5. Sealed Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.

6. If the last date of purchasing,submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

8. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendment) of GON

9. If there are any changes or correction in notice or on Bid document, the notice will be published in ChautaraSangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

**Chief Administrative Officer**

**Chautara Sangachokgadhi Municipality**


**अन्तराष्ट्रिय नारा**

**" Woman in leadership : Achiving an eqal future in a COVID -19 world"**

**राष्ट्रिय नारा**

**"महिलाको सुरक्षा समृद्ध नेपालको नेपालको आधार : सम्मान र रोजगार."**

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना विभाग**


## मेलम्ची खानेपानी...

सकिएको छ। १० कि.मि. भित्री गल्लीमा पाइप बिछ्याउन बाँकी छ। चालु आर्थिक वर्षमा १ लाख १० हजार धारा जोडिनेछन्। जसमा निजी घर, होटल एवं सार्वजनिक कार्यालय पर्नेछन्। 'यसमा ८० हजारभन्दा बढीको काम सकिइसकेको छ। तर सकिनेबित्तिकै उपभोक्ताको घरमापानीजाने भन्ने हुँदैन,'उहाले 'प्राविधिक परीक्षणका कामगर्नै बाँकी भएका ले मेलम्चीको पानी आएपछि लिकेज र प्रेसर जाँचगर्दै जाने बताउँन भएको छ।

## अन्तराष्ट्रीय कुस्ति प्रतियोगिता...

कार्यक्रम राख्ने कुरा वताउदै, मेलम्ची खानेपनि योजनामा नेता कृष्णप्रसाद भट्टराईको ठूलो भुमिका रहेको र आज उक्त योजना सम्पन्न हुँदा प्रधानमन्त्री ओलिले कृष्ष्ण प्रसाद भट्टराईको नाम समेत लिन नचहेको मा आपत्ति जनाउदै मेलम्ची खानेपानी परिसर मा उहाँको सालिक बनउने समेत जानकारी दिनुभयो।

## सिंहको निधनमा....

भुसालले शोकलाई शक्तिमा बदलेर काउन्सिलको श्रीवृद्धीका लागि उहाँको मार्गदर्शन पछ्याइरहने उल्लेख गर्नुभयो। शोकसभामा सिंहको कार्यकालमा कार्यरत रहनुभएका काउन्सिलका कर्मचारी हर्कबहादुर श्रेष्ठले उहाँको कार्यशैली कर्मचारीमैत्री भएको स्मरण गर्नुभयो। सिंह लामो समय सरकारी सेवामा सेवारत रही सर्वोच्च अदालतका न्यायाधीशका हैसियतमा काउन्सिलको अध्यक्ष भएकाले पनि उहाँ कर्मचारीको हक अधिकार र सेवासुविधाप्रति सकारात्मक भएको उहाँले स्मरण गर्नुभयो।

शोकसभामा काउन्सिल पूर्व सदस्य चेतनाथ धमला लगायत काउन्सिलमा कार्यरत सम्पूर्ण कर्मचारीले सिंहप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो।

सिंहको निधनको शोकमा काउन्सिलले आज १३ औं दिनमा आधा दिन कार्यालय बन्द गर्ने निर्णय गरेको हो।

# खेल जगत

## विजय खड्गी स्मृति गोल्डकप चितवनमा



रासस,

वैदेशिक रोजगारका क्रममा कतारमा ज्यान गुमाएका फुटबलर विजय खड्गीको सम्झनामा राष्ट्रियस्तरको फुटबल प्रतियोगिता गरिने भएको छ। जिल्ला फुटबल सङ्घको आयोजनामा स्व विजय खड्गी स्मृति गोल्डकप फुटबल प्रतियोगिता २०७७ हुन लागेको हो।

यही चैत १२ देखि २१ गतेसम्म नारायणगढको क्याम्पाचौरमा हुने प्रतियोगिताको तयारी तीव्रगतिमा भइरहेको जनाइएको छ। सङ्घका अध्यक्ष श्रीकृष्ण कार्कीले मैदान मिलाउनेदेखि प्यारापिट निर्माणको काम भइरहेको जानकारी दिनुभयो। प्यारापिट तीन हजार दर्शक क्षमताको हुनेछ।

प्रतियोगितामा 'ए' डिभिजन लिगदेखि राष्ट्रिय टिमका खेलाडी सम्मिलित १० टोली सहभागी हुने सङ्घका महासचिव एवं प्रतियोगिताका सञ्चार संयोजक रामहरि ढकालले बताउनुभयो। प्रतियोगितामा चितवनका दुईसहित हेटौँडा, पोखरा, काठमाडौँ, उदयपुर, बुटवल, नुवाकोट, सिन्धुली र प्रदेश नं २ को वाग्मती गरी १० टोली सहभागी हुनेछन्।

प्रतियोगिताका विजेताले रु तीन लाख तथा उपविजेताले रु एक लाख ५० हजार प्राप्त गर्नेछन्। प्रत्येक खेलको म्यान अफ दि म्याचले रु पाँच हजार, प्रतियोगिताभरको उत्कृष्ट खेलाडीले रु २० हजार तथा विधागतरूपमा उत्कृष्ट हुने खेलाडीले रु १०-१० हजार प्राप्त गर्नेछन्। प्रतियोगिता सम्पन्न गर्नका लागि रु २७ लाख ७३ हजार खर्च लाग्ने अनुमान गरिएको छ।

एन्फा २०५७ ब्याचका खड्गीले नेपालबाट अण्डर-१३ र अण्डर-१४ गरी दुई उमेर समूहका खेल खेल्नुभएको थियो। कमजोर आर्थिक अवस्थाका कारण वैदेशिक रोजगारका लागि कतार गएका खड्गीको ३२ वर्षको उमेरमा निधन भएको थियो। उहाँका एक छोरा छन्। प्रतियोगिताबाट बचेको रकम खड्गीका छोराको अध्ययनका लागि सहयोग गरिने आयोजकले जनाएको छ।


सगुन बस्नेतद्वारा प्रकाशित प्रधान सम्पादक/प्रबन्ध निर्देशक: नेत्र बहादुर बस्नेत (basnetnetrakaji@gmail.com), सम्पादक: सन्तोषी बस्नेत, समाचार संयोजक : अजय कुमार न्यौपाने अतिथी सम्पादक : रुपक पुरी, स.स. : विक्रम सुन्दास, सम्वाद दाता : लक्ष्मण विष्ट,कुमार बस्नेत(अधिराजकुमार) सल्लाहकार : तेज बहादुर क्षेत्री, कानुनी सल्लाहकार : श्याम बहादुर श्रेष्ठ, व्यवस्थापक: विपना तामाङ, बिज्ञापन व्यवस्थापक : फत्त कार्की, बजार व्यवस्थापक : एकराज श्रेष्ठ/हुकुम लामा (दोलालघाट), कार्यालय : चौतारा साँगाचोकगढी न.पा. -१४ डडुवा, सिन्धुपाल्चोक, **Email : lokpriyasamachar@gmail.com, netrajyoti6@gmail.com**
सम्पर्क : ०११६२००६७, ९८५११०४५४०, ९८५१०३९७४५ डिजाईन : लोकप्रिय नेत्रज्योती संचार समुह (lokpriyanetrajyoti@gmail.com) चौतारा, सिन्धुपाल्चोक, मुद्रण : सेवा अफसेट प्रेस, चौतारा।